Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# महिला फुटबल प्रतियोगिता उदयपुरमा चाहियो

❖ बेदकुमारी राई

*उदयपुर,जेठ २६*

यिनी हुन त्रियुगा नगरपालिका - १५ खाँग्छु छामलिङ कर्कुसे उदयपुरकि १७ बर्षिय दुर्गा मगर । हाल उनी त्रिनपा १२ पुरानोगाईघाट थरूहट रंगशाला को दक्षिण दिशामा रहेको बुद्धचोक नजिकै घरमा बस्दै आईरहेकी छिन् । उनले फुटबल खेल्न सुरु गरेको१ बर्ष भइसक्यो । जब उनले थरूहट रङगशालामा फुटबल खेल्न सुरु गरिन् ।

त्यो समयमा खेलमैदानमा चार पाँच जना महिला खेलाडी मात्र महिला फुटबल खेल्न अभ्यासमा आउने गरेका थिए । समय बित्दै जाँदा महिला फुटबल खेलाडीको सङ्ख्या यो एक बर्षमा बढेर१८ जनासम्म पुगेको छ । एक बर्षसम्म दुर्गाले फुटबल खेलको नियमित अभ्यास खेलिरहँदा कुनै प्रतियोगितामा आफ्नो खेल क्षमताको परिक्षण दिन पाएका छैनन् । लामो सयम अभ्यास खेलमा समय लगानी गरेकी दुर्गालाई लाग्छ अहिले महिला फुटबल खेलाडीहरुलाई नियमित फुटबल राम्रो निरन्तर रूपमा प्रशिक्षण दिन प्रशिक्षक चाहिएको छ ।




गुरुआएर आफुहरुलाई प्रशिक्षण दिनुभए पनि हामीलाई यो प्रशिक्षण कम भएको महशुस गरेकाा छन् । महिला खेलाडीको सङख्या नै कम भएकाले पुरुष खेलाडिहरु सङ्ग टिम मिलायर खेल्नु पर्ने अर्को बाध्यता छ । पुरुष फुटबल खेलाडीहरुको जति धेरै फुटबल खेलमा रुची छ त्यतिनै कप रुची महिला खेलाडीहरुमा नहुन सक्छ ।

समन्धित निकायको बेवास्ताको कारण महिला खेलाडीहरू फुटबल खेल्न आउनै छोडि सकेको छ । अर्को कारण जिल्लाले महिला फुटबल प्रतियोगिता नै सञ्चालन गर्दैन् । जिल्लामा महिला फुटबल प्रतियोगिता सञ्चालन नगर्दा महिला खेलाडीहरुले आफुमा भएको क्षमता प्रदर्शन गर्न सकेका छैनन । उदयपुर जिल्लाको महिला फुटबल खेलाडीहरुको एउटै चाहाना भनेको महिला फुटबल प्रतियोगिता हुनुपर्यो ।

मेरो खेल कस्तो छ,के - के मा सुधार ल्याउनु पर्छ, भन्ने कुनैअडेकल राखिसकनु छैन । उदयपुरको सदरमुकाम गाइघाटको महिला फुटबल टिमले कही कतै प्रतियोतितामा खेलेको अनुभव छैन । उदयपुरमा महिला फुटबल खेलाडीहरूलाई निरन्तर रूपमा प्रशिक्षण र फुटबलको प्राबिधिक ज्ञान, सिप सिकाउने प्रशिक्षकको आबश्यकता छ भने बिभिन्न संघसंस्थाले प्रायोजन गरेर महिला फुटबल प्रतियोगिता गर्न आबश्यक छ ।








त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*

## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स



त्रिनपा–११ गाईघाट, असारीरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसँगै जोडिएको
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*

माझखर्क साप्ताहिकको सह-प्रकाशन..
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट

# सडक पुरै कालोपत्रे बन्ने

❖ मुलुकी संवाददाता

*उदयपुर, जेठ २६*



उदयपुर सदरमुकाम गाईघाट बजारमा बनिरहेको सडक निर्माणमा पुरै कालोपत्रे हुने भएको छ । निर्माण कम्पनीले त्रियुगा नगरपालिकाको वडा नम्बर ११ को गाईघाट क्षेत्रमा डेढ किलोमिटर लम्बाईमा ६ सय ३६ मिटर क्षेत्रमा कालोपत्रे गर्नेत्रियुगा नगरपालिकाका इन्जियनियर निर्मल चौधरीले जानकारी दिए ।

उनका अनुसार अहिले जुन जुन ठाउँमा स्काभेटरले खनिएको छ त्यहाँ १ सय ७२ घन मिटर नया गिटी, राखेर सबै सडकमा पिच गरिनेछ । चौधरीले जनाए अनुसार गाईघाट विद्युत मार्ग लाइनमा ४४ जना स्थानीय धनीले काममा रोक लगाउन नगरपालिकामा निवेदन पेश गरेका छन् । निवेदन दिनेहरुमा दिपकराज भटराई, टंक गुरागाई, सुवोध ठाकुर, इन्द्रनारायण साह, कुमार घिमिरे, विनोद श्रेष्ठलगायत ४४ जना रहेको नगरपालिकाले जनाएको छ। उनीहरुले उक्त सडक खण्डमा टालटुले काम गर्न खोजेको भन्दै त्यस्तो काम नगर्न निबेदन दिएको जनाएका छन् ।

सडक मर्मत कार्यको जिम्मा पाएको सुशन आदित्य निर्माण सेवाका प्रतिनिधि प्रविण बस्नेतले सडक मर्मत गर्न कोतारिएको सबै क्षेत्रमा २० मिलिमिटर (एमएम) कालोपत्रे गरिने बताएका छन् ।



खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो !"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१



रौताको शुद्ध पानी,
सुरक्षित जिन्दगानी...

हिमाल, पहाड, तराई, सहरदेखि
गाउँ-गाउँसम्मको रोजाई पवित्र
रौता पोखरीको मुहान
त्रियुगा नदीबाट उत्पादित
शुद्ध मिनिरल वाटर रौता
पानी सधैं सबैले
प्रयोग गरौं ।






प्रोपाइटर - पर्शुराम चौधरी, फोन: ९८५२८३५०३७
त्रियुगा नगरपालिका - ३ मोतिगडा, उदयपुर



सार्वजनिक हितका लागि
लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना

समयमै कर तिरौं,
असल नागरिकको परिचय दिऔं ।

समावेशी तथा साझेदारीपूर्वक
विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा
सुशासनयुक्त कार्यशैली हाम्रो अभियान,
जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग
र असहाय नागरिकप्रति जिम्मेवार बनौं ।
जन्म, मृत्यु, विवाह, बसाइँ-सराइँ
सम्बन्धविच्छेद जस्ता व्यक्तिगत
घटना दर्ताहरु सम्बन्धित वडा
कार्यालयमा ३५ दिनभित्र
अनिवार्य दर्ता गरौं ।

लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, प्रदेश नं. १ नेपाल

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकिय

# बजारको सिसि क्यामेरा बनाऊ

गाईघाट बजार अहिले बिकास हुने क्रममा छ। भित्री मधेस त्यसमा पनि मदन भण्डारी लोकमार्ग यही गाईघाट बजार भएर जाने भएकाले गाईघाट बजारको सुरक्षाको हिसाबले यहाँको स्थानीय सरकार र नागरिक सचेत हुन जरुरी छ । मंगलबार गाईघाट बजारको हिमाली टोलमा रहको एक नीजि बैङ्कमा एटिएम चोरी गर्ने प्रयास गरियो । यो त साधरण प्रयास मात्र हो । यस अघि गाईघाट बजारमा विभिन्न समयमा ठुलो ठुलो चोरीको घटना भएको छ। उक्त चोरीको घटनालाई पत्ता लगाउन सडक, चोक, गल्लीमा राखिएको सिसि क्यामेराले ठुलो टेवा पुर्याएको छ।

अहिले जिल्ला प्रहरी कार्यालय उदयपुरबाट २४ सै घण्टा प्रहरीले सिसि क्यामेराबाट बजारको निगरानी गरिरहेको हुन्छ । बजारको गतिविधि जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल रुमबाट नै देख्न सकिने भएकाले प्रहरीलाई समेत काम गर्न सहज भएको छ। अहिले तिनै बजार क्षेत्रमा राखिएको ३६ वटा सिसि क्यामेराहरु मध्ये धेरै जसो विग्रेर काम नगर्ने स्थितीमा छ । बजार क्षेत्रको केही क्यामेराहरुले मात्र काम गरिरहका छन् । अहिले प्रहरीले तिनै क्यामेराको सहयोगले बजार निगरानी गरिरहेका छन् । दुई बर्षअघि जडान गरिएको सिसि क्यामेरा यती चाडै किन बिग्रियो त ? सिसि क्यामेरा जडान गर्ने समयमा के सम्झौता भएको थियो । अहिले ति क्यामेराहरुले काम नगरीरहदा पहिले कस्तो सम्झौता भएको थियो । अहिले ति क्यामेरा बेच्नेले त्यो क्यामेरा बनाईदिनु पर्छ कि पर्दैन ? बजार जस्तो संबेदनशिल क्षेत्रमा सिसि क्यामेरा बिग्रदा किन बनाउन चाहिरहेका छैनन् । सिसि क्यामेरा किन्दा गुणस्तरहिन सामान पो खरिद भयो कि ? किन २ वर्षसम्म पनि राम्रो सँग ती क्यामेराहरुले काम गरेन । अब पुन नयाँ क्यामेरा किन्ने कि त्यही क्यामेरा मर्मत गर्न लगाउने ?

गाईघाट बजार हाम्रो सुन्दर बजार भएकोले हामीले नै हाम्रो बजार, सहरको बत्ती, सिसि क्यामेरा बनाउन पहल गर्नु हाम्रो दायित्व हो । जिल्ला प्रहरी कार्यालयमा सिसि क्यामेरा हेर्न बसिरहरका प्रहरीहरुले पनि बजार क्षेत्रलाई अपराध क्षेत्रबाट बचाउन, सहरलाई सुरक्षित बनाउन सम्बन्धित निकाय त्रियुगा नगरपालिका, वडा नम्बर ११ गाईघाट, त्रियुगा उद्योग बाणिज्य संघ, लगायत ब्यापार सँग सम्बन्धित सबै मिलेर सिसि क्यामेरा तुरुन्त बनाउन जरुरी छ । यि बाहेक स्थानीय नागरिकले मागेको टाउँमा सिसि क्यामेरा जडान गरिदिनुपर्दछ । सिसि क्यामेराले हामी सबैलाई सुरक्षित बनाएको छ । यदी बेलैमा सिसि क्यामेरा बनाइएन भने भोलीको दिनमा त्यसबाट हुने क्षति महङ्गो हुन सक्ने संभावना बलियो छ। अहिले नै सिसि क्यामेरा मर्मत सम्भार गरेर नागरिकिलाई सुरक्षित राखौ ।

*उदयपुरमा ......*

अहिलेसम्म बिभिन्न स्थानीयतहका ४८ जनाको कोविडका कारण दुखद ज्यान भएको छ।


त्रियुगा नगर पालिकाका ७ महिलासहित २४, चौदण्डीगढीका ४ महिलासहित ९, कटारीका ३ महिलासहित ५, बेलकाका ५ पुरुषको कोविडले ज्यान लगिसकेको छ । त्यस्तै रौतामाईका १ महिलासहित ४, उदयपुरगढीका १ महिलासहित ३ र लिमचुङबुङका एक पुरुषको ज्यान गएको स्वास्थ्यले जनाएको छ ।

संक्रमण बढ्न नदिन जिल्लामा जारी गरिएको निशेधाज्ञामाथि कडाई यथावत राखिएको छ । विहान ६:०० देखि ९:०० बजेसम्म खाद्यान्न र औषधि बजार पसल खुल्ला गर्ने गरिएको छ भने अन्य पसल सबै बन्द छन्। औषधि पसल भने खुल्ला गरिएको छ । बैंक तथा बित्तीय संस्थाहरु साताका आईतबार, मंगलबार र बिहीबार खुल्ला गर्न थालिएको छ।

निशेधाज्ञा उल्लंघन गर्ने सवारी साधन र बिना काम बजार डुल्न निस्कनेलाई प्रहरीले पक्राउ गरी कारबाही गर्ने गरेको छ । बुधबार निशेधाज्ञा तोडेर विना काम बजार निस्केका ६३ वटा साना ठूला सवारी साधनलाई पैहरीले होल्ड गरेको जनाएको छ भने १ सय २१ जनालाई सम्झाई बुझाई गरेको जनाएको छ ।

त्यसैगरी कोविडबाट बँच्ने सचेतना प्रचार प्रसार तथाथ माईकिङ १ सय २३ ठाउँमा गरिएको प्रहरी प्रमुख एसपी भीम दाहालले बताए । दाहालका अनुसार हालसम्म निको हुने र नहुने कोविड सक्रमितको संख्या १ हजार ५ सय २२ पगेको छ । जिल्लामा कोविडले गर्दा मृत्यु हुनेको संख्या १७ महिलासहित ४८ पुगेको पनि प्रहरीले जनाएको छ ।

# जिम्मेवार, निष्पक्ष र साझा बनौ ।



**बुद्धि कुमार राई**

मिडिया हाउस कसले सञ्चालन गर्ने र त्यस मिडिया हाउस अर्न्तगत प्रकाशित पत्रिका, प्रशारित रेडियो, टेलिभिजन, ओललाइन मा कस्ता - कस्ता मानिस या पत्रकारहरुले काम गर्ने भन्ने प्रश्नले केही दिन देखि मनमा जिज्ञासा जगाईरहयो ।

साँच्चै भन्ने हो भने एउटा स्वतन्त्र, निष्पक्ष, निर्भिक, बफादार, कर्तब्यनिष्ठ, जिम्मेवार पत्रकार र सञ्चार माध्यम भएन भने समाजका हालत के होला ? प्रश्नले सोधिरहन्छ मलाई। अहिले गाईघाट बजारमा सडक कालोपत्रे र टालटुलको कुरा खुब सामाजिक सञ्जालमा बहसको बिषय बनेको छ । न नागरिकले जिम्मेवार निकायलाई गएर यस बारे जानाकारी लिन सक्छ। यदि नागरिक गएर सुचना माग्दा समेत सम्बन्धित निकायको अधिकारीहरुले सुचना दिन चाहान्छ ।सकेसम्म पत्रकारलाई समेत सुचना दिन अधिकारीहरु मन गर्दैन । समाजको लागि पत्रकारिता अपरिहार्य छ । सही, तथ्य, सत्य, निष्पक्ष, साझा, जनहितमा काम गर्ने पत्रकार र सञ्चार माध्यम दुबै समाजलाई आबश्यक र जरुरी छ । सही र सत्य निष्पक्ष पत्रकारिताले समाजलाई अगाडी बिकासको गतिमा हिडाउन सहयोग गरिरहेको हुन्छ ।

टाढाको कुरा नगरौ आफ्नै गाउँ ठाउँको अझ आफ्नै जिल्ला उदयपुर गाईघाटको कुरा गरौ । पत्रकारिता तपाईले के को लागि गर्नुभएको हो भनेर प्रश्न समाजले तपाईलाई सोध्यो भने के जवाफ दिनुहुन्छ ? तपाई सँग जबाफ हुन अनिवार्य हुनुपर्दछ । पत्रकारिता कसले गर्ने र किन कहिले सम्म गर्ने भन्ने बारे पनि प्रष्ट योजना सहित हुनुपर्दछ । आजको पत्रकारिता लाग्छ कि फेसबुक, युट्युव, ओलनाईन, साभार, कपी पत्रकारिता भईरहको छ । मानौ अर्को ब्यक्ति या संस्थाको उत्पादन, प्रकाशन चोरी गरेर केही केरमेट, फेरबदल गरेर आफ्नो बनाउने ।

अनलाईनहरुको पनि आ - आफ्नै नीति सिद्धान्त होला कुन अनलाईनले कति कति समयमा कति समचार, कुन कुन बिटको समाचार प्रकाशन, प्रशारण गर्ने भन्ने आधारभुत अबधारणा त होला नी ? एउटा मानिस बिहान उठ्छ मनिङ वा बिहान ४- ५ बजे जान्छ । मनिङ वाक गएर घर फर्कन्छ। नुहाउँछ चिया, खाजा खान्छ अनि ९ बजे तिर खाना खान्छ । अफिस या आफ्नो ब्यापार ब्यवशाय, खेतीपातीमा जान्छ बेलुका समयमा घर फर्कन्छ ।

एउटा मानिसको जीवन त सामान्य रुपमा यसरी चल्छ भने हामीले सञ्चालन गरेको मिडिया हाउसबाट प्रशारित, प्रकाशित सञ्चार सस्थाहरुको त सयौ, हजारौ, लाखौं, करौडौ पाठक, दर्शक, श्रोता होलान तिनीहरुको लागि समय अनुसार चल्ने, प्रकाशन, प्रशारित हुने कि नहुने ? मन लाग्ब, सञ्चो हुँदा, एक जना ब्यक्तिले अरुको समाचार कपी गरेर अनलाईन चलाउने पनि काम गर्ने हो त ? न कमाई छ ? न जिम्मेवारी, न कुनै प्रतिक्रिया या प्रभाव के को लागि अनलाईन चलाउनुभएको आफ्नो लागि चलाउनु भएको हो ?

पत्रकारिता गर्नेहरुले कसैको विरुद्ध लेख्न पत्रकारिता गर्ने, पैसा कमाउन पत्रकारिता गर्ने, मागेर पत्रकारिता गर्दा के ति सञ्चार माध्यमले निष्पक्ष, सन्तुलित पत्रकारिता गरिरहेका हुन्छन त ? अनलाईनहरुले कति बजे, कुन समयमा कुन बिषयको के - के समाचार प्रशासरण, प्रकाशन गर्ने भनेर मापदन्ढ बनाएर सोही अनुसार काम गर्नु पर्दैन र ? कि जे आउँछ त्यही पचाउँछ भने जस्तो जति सकिन्छ त्यती र त्यस्तो गर्ने हो भनेर पत्रकारिता सुरु गरिन्छ ?

एउटा तरकारी ब्यापार गर्नेले त तरकारीको प्रकारमा आल, प्याज, लसुन, बोडी, काउली, गाजर, साग, पर्वल, भिन्डी, अदुवा जस्ता विभिन्न प्रकारको तरकारीहरु समय समयमा निश्चित ठाउँमा ल्याउँछ, बिक्रि बितरण गर्दछ भने हामी मिडिया हाउस सञ्चालकहरुले कसरी पत्रकारिता गरिरहेका छौ त ? हो हामीले गरिरहको अनलाईन पत्रकारिताबाट केही न केही समाजलाई टेवा त पुगेकै हुन्छ। तर यी प्रकारको पत्रकारिताले समाजलाई नाफा भन्दा पनि बढि नोक्सान गरिहरको हुन सक्छ ।

जिम्मेवार मिडिया सञ्चालक भएन भने पत्रकारितामा प्रदुषण आउँछ। पत्रकार को हो को बन्ने र नागरिक को भनेर छुट्याउन गारो पर्दछ । योउटा प्रकाशित, या प्रशारित समाचार कसले समाचार लेखेको हो । त्यो समचारबाट कुनै समस्या आईहाले कसले जिम्मेवारी लिने या कसले त्यो समाचार लेखेको भन्ने कुरा नागरिकले प्रष्ट बुझ्न जरुरी छ । एक जना नेताले सञ्चालन गरेको मिडिया हाउस र एक जना ब्यापारीले सञ्चालन गरेको मिडिया हाउसको बिच के फरक होला ?

नेताले आफ्नो राम्रा पक्षाको र अरुको नराम्रो कुराको बारेमा लेख्लान । एउटा ब्यापारीले सञ्चालन गरेको मिडिया हाउसले आफ्नो पत्रकारिताको धर्म र कर्तब्यलाई बिर्सेर नाफामुखी नाफा हुने मात्र काम गरिहिड्यो भने समाजलाई कति ठुलो असर पर्दछ होला ? यस्ता काले पत्रकारिताले समाजलाई भ्रममा बाच्न बाध्य बनाउँछ । नागरिक, समाज र पाठकले पनि सही लेख्ने, निषक्ष लेख्ने सञ्चार माध्यम र पत्रकारलाई छटयाउन सक्नुपर्ने हुन्छ । निष्पक्ष, स्वतन्त्र, जिम्मेवार सञ्चारमाध्यम लाई बचाइराख्न पनि पर्दछ। यदी त्यस्ता सबैको साझा सम्पतीको रुपमा स्थापित त्यस्ता सञ्चार माध्यमलाई साथ, सहयोग र सल्लाहा दिईरहनु पर्दछ र सबैको साझा बावाजको रुपमा स्थापित गराउनुपर्दछ।

पत्रकारिता भनेको एउटा खुल्ला विश्वविद्याय पनि भएकाले हामीले प्रकाशन प्रशारण गरेको सामाग्री, अडियो, भिडियोबाट नागरिकले ज्ञान पाईरहेको हुन्छ । शिक्षा पाईरहेको हुन्छ, ज्ञान, संस्कार, रीतिरिवाज, चालचलन पुस्ताहस्ताणतरण भईरहेका हुन्छन् । त्यति मात्र होइन जिम्मेवार संचार माध्यमबाट अन्य विधाको ज्ञान पनि पाईरहेको हुन्छ। अझ पत्रपत्रिकामा प्रकाशित सामाग्रीहरु त इतिहाको दस्तावेज पनि हो। त्यसैले जिम्मेवार भएर, स्वतन्त्र भएर, निष्पक्ष भएर पत्रकारिता गरौ। यो समाज, यो राष्ट्रको सेवा गरौ । पत्रकारितामा लगानी गरेका लगानी कर्ता हरुले पत्रकारिताको मर्म, भावना, आचारसंहिता बुझेर पत्रकारितामा प्रवेश गरौ । सही र सत्य, निष्पक्षको लागि पत्रकारितामा घाटा लागे पनि आफ्नो लगानी गए पनि त्यो लगानी यही समाजको लागि हुने भएकाले सके सम्म सबैको साझा र निष्पक्ष बन्ने गरौ ।

आफुले पाएको जिम्मेवारीलाई पुरा गरौ। जनताले निर्वाचितन गरेकाहरुले जनताको मन जितौ । जनतको हितमा काम गरौ । पत्रकारहरुबाट निर्वाचित पत्रकार नेताहरुले समाजलाई क्लम र आवाजको माध्यमबाट सेवा गरौ । जनताबाट अनुमोदन हुन र समाजको सेवा गरिरहन फेरी अबसर नमिल्न सक्छ जति सकिन्छ। जे सकिन्छ बर्तमान मा गरौ । यो समाज, यो देशको हामी कर्मीहरु हौ । आफ्नो पेशा, व्यावशाय, क्षेत्रबाट जिम्मेवार, जबाफदेही, कर्तब्यनिष्ठ भएर सेवा गर्ने हो भने हामीले सबैको मन, भावना र माया पाउन सक्छौ । हामी सबै यही समाजलाई आबश्यक जनता भएकाले समाजको सेवामा नै लागौ ।

*गर्मी महिनामा......*

दहमा गत सालकाबन्दाबन्दीदेखि मानिसको न्युन उपस्थिति रहने गरेको स्थानीय शिक्षक केशव चाम्लिङ राई बताउँछन् । उनी भन्छन्," गर्मीको समयमा दिनमा ३ सयजनासम्म युवायुवतीहरु यहाँ पौडी खेल्न आउँथे । पैदलयात्री तथा मोटरसाइकलमा आउनेले बाटो खचाखच हुन्थ्यो तर हिजोआज त्यस्तो स्थिति छैन । पोहोर सालदेखि गर्मी महिनामा लकडाउन भइदिनाले मानिसको उपस्थिति ज्यादै न्युन रहने गरेको छ ।"

भुतिया दह संरक्षण तथा पर्यटन विकास समितिका अध्यक्ष तारा थापा मगरका अनुसार दहसम्म पुग्ने बाटोको स्तरोन्नति गरिएको छ। दह मुन्तिर एक सवारी साधन पार्किङ्स्थल निर्माण गरिएपनि हाल त्यो भेलबाढीका कारण क्षतिग्रस्त अवस्थामा रहेको छ । दह छेउमा विश्राम स्थल, एक सार्वजनिक शौचालय तथा सानो मैदान निर्माण गर्ने योजना रहेपनि बन्दाबन्दी र निषेधाज्ञाको कारण निर्माण गर्न अझै नसकिएको संरक्षण समितिका अध्यक्ष थापा मगर बताउँछन्। उनका अनुसार नगरपालिका र नगर पर्यटन बोर्डसँग समन्वय र सहकार्य गर्दै दहलाई पर्यटकीय स्थलको रुपमा विकास गर्ने काम भइरहेको छ। बेलकाका टंकेला गुफा, रानी झर्ना, मैना राजारानीको थान, सप्तकोशी पछिको यो दह पनि एक प्राकृतिक सम्पदा भएकोले यसको प्रवर्द्धनमा ध्यान पुर्याउनु पर्ने बुद्धिजीवीहरुको ठहर रहेको छ । धरान, चतरा, बसाहा, बेल्टार गाईघाट र कटारीबाट समेत मानिस यस दह आउने गरेका स्थानीय बताउँछन् । जे होस, यस दहको उचित व्यवस्थापन र प्रवर्द्धन भएमा सीमित रुपमै भएपनि स्थानीय रोजगारीको सृजना गर्न सकिने धेरैको अनुमान छ ।

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

राष्ट्रिय दैनिक

**बिमा कार्ड हराएको सुचना**

नाम - सम्झना परियार

फोन नम्बर - ९८१७७९७८०७

पोलेसी नम्बर - २३१०००७७९

नेपाल लाईफ इन्सुरेन्स

शाखा कार्यालय गाईघाट

उदयपुर

■ बर्ष-१६, ▶▶ अंक ३२१ ▶▶ जेठ २७ बिहिबार,२०७८, June –10 Thursday ,2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

## सडक पुरै कालोपत्रे बन्छ

❖ मुलुकी संवाददाता

*गाईघाट, जेठ २६*



त्रियुगा नगरपालिका उदयपुरका नगरप्रमुख मेयर बलदेब चौधरीले हाल हल्लामा आए जस्तो गाईघाट बजारमा भईरहेको सडक टालटुले मर्मत नभई सडक पुरै कालोपत्रे बन्ने बताएका छन् ।

बुधबार मुलुकी दैनिकसँगको साक्षात्कारमा मेयर चौधरीले गाईघाटको फोहोरबाट १० मेगावाटको विद्युत पनि निकाल्ने कार्य सुरु हुन लागेको बताए ।

# गर्मी महिनामा पनि सुनसान भुतिया दह

❖ महेन्द्र राई

*चौदण्डीगढी बसाहा, जेठ २६*

पौडी गन्तव्यको रुपमा कहलिएको भुतिया दह आजभोलि सुनसान जस्तै बनेको छ । देशभर कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि जारी निषेधाज्ञाको कारण उक्त दह मा हाल सुनसान रहेको छ ।

उदयपुर जिल्लाको पुर्वी बेलका नगरपालिकाको ५ सुपाडे बजारदेखि उत्तरी दिशामा पर्ने महाभारत पाखाको कन्चिर ा खोलामा रहेको छ । दह एउटा विशाल पत्थरको खोपिल्टोमा निर्मित छ ।



*कोरोना भाईरस सुरुहुनु अघिउअगाडि भुतिया दहमा पौडि खेल्दै पौडि पारखिहरु।*
तस्बिर - महेन्द्र राई

बिशेषगरी गर्मी महिना बैशाख, जेठ र असारमा पौडी खेल्नका लागि सयौं युवायुवतीहरु यहाँ भेला हुन्छन् । कन्चिरावासीका अनुसार दिनमा ३ सयको हाराहारीमा मानिस यहाँ जम्मा हुने भएतापनि हिजोआज भने त्यस्तो भीड पटक्कै देखिदैन । दिनमा दुईचार युवायुवती त्यहाँ पुग्ने गरेका छन् । त्यसो त दह अवलोकन, फोटोसेल्फि, टिक्टक निर्माण तथा ड्राइका लागि पनि मानिस सो दहमा पुग्ने गरेका छन् । बिस्तारै आन्तरिक पर्यटकका आकर्षणको केन्द्र बन्दै गइरहेको भुतिया - *बाँकी २ पेजमा*

## गाईघाट बजारको सिसी क्यामेरा कसले बनाउने

❖ मुलुकी संवाददाता

*गाईघाट, जेठ २६*

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार क्षेत्रमा जडान गरिएको अधिकांश सिसि क्यामेराहरु अहिले बिग्रेको अवस्थामा रहेको छ ।

सम्बन्धित निकाय त्रियुगा नगरपालिकाको वडा नम्बर ११ का वडा कार्यालय, त्रियुगा नगरपालिका, त्रियुगा उद्योग वाणिज्य संघको वेवास्ताका कारण बजारको सिसि क्यामेराहरु अहिले काम नगर्ने अबस्थाका रहेकोले समस्या आईरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

दुई बर्षअघि जडान गरिएको गाईघाट बजार क्षेत्रको सिसि क्यामेरा सम्बन्धित निकायले अझै कहिले बनाउने भन्ने टुङगो लागेको छैन ।

# उदयपुरमा कोबिड संक्रमण घट्दै

❖ महेश्वर चामलिङ

*कटारी, जेठ २६*

उदयपुरमा पहिलेको तुलनामा कोविड संक्रमितको संख्या घट्दै गएको छ । पछिल्लो २४ घण्टाभित्र जिल्लामा ८ महिलासहित १४ जना नयाँ संक्रमित देखिएका छन् । संक्रमितहरु सबै त्रियुगा नगर पालिकाका भएको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । थप नयाँसँगै जिल्लामा सक्रीय संक्रमितको संख्या १ हजार १ सय ४५ पुगेको छ ।

जसमा ५ सय १७ महिला छन् भने बाँकी पुरुष छन् । उता संक्रमितहरु निको हुने क्रम पनि बढ्दै गएको छ। २४ घण्टाभित्र निको हुनेहरु १३ जना छन् । यो सँगै निको हुनेको संख्या १ सय ६९ महिलासहित ४ सय ५ पुगेको स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीले बताएका छन् । निको हुनेहरुमा त्रियुगाका ६७ महिलासहित १ सय ६९, चौदण्डीगढीका ४५ महिलासहित १ सय २, बेलकाका २३ महिलासहित ४४ र कटारीका ६ महिलासहित १६, रहेका छन् । त्यस्तै लिमचुङबुङका १८ महिलासहित ३६, रौतामाईका ६ महिलासहित २९, उदयपुरगढीका ३ महिलासहित ८ र ताप्लीकी एक महिला निको भएको सुबेदीले बताए ।

सदरमुकाम गाईघाट, कोविड अस्पताल बेलटारलगायत बिभिन्न आईसोलेसन सेन्टर र होमआईसोलेसनमा उपचाररत सक्रीय संक्रमितहरु त्रियुगाका २ सय ४६ महिलासहित ५ सय ५८ छन् । कटारीका ५९ महिलासहित १ सय ३६, बेलकाका ७२ महिलासहित १ सय ४४ र चौदण्डीगढीका ६० महिलासहित १ सय २५ रहेका छन् ।

त्यस्तै लिमचुङबुङका ३१ महिलासहित ६३, रौतामाईका २८ महिलासहित ६३, उदयपुर गढीका १७ महिलासहित ४५ र ताप्लीका ४ महिलासहित ११ जना संक्रमित उपचारमा रहेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार - *बाँकी २ पेजमा*

**बिके किराना पसल**

**गाईघाट, उदयपुर**




**सगरमाथा**

**डिपाटमेन्ट स्टोर**

**गाईघाट, उदयपुर**

